Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ३१ | वि.सं. २०८३ वैशाख ३१ बिहीवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण द्वादशी | Thursday 14 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# कर्णालीले सुधाऱ्यो एसईईको नतिजा

**उच्च शिक्षाको ढोका मानिने एसईईमा कर्णालीबाट ३२ हजार तीन सय ३६ विद्यार्थी सहभागी भएका थिए । जसमा १९ हजार ९५ अर्थात ५९.०५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । यो विगत दुई वर्षको तुलनामा सुधार भएको नतिजा हो । तथ्यांक अनुसार कुल विद्यार्थी मध्ये १३ हजार दुई सय ४१ अर्थात ४०.९५ विद्यार्थी फेल भएका छन् ।**

**ओम शाही**
**सुर्खेत, ३० बैशाख ।**

कर्णाली प्रदेशमा गत वर्ष २०८२ को चैतमा लिइएको माध्यमिक शिक्षा परिक्षा (एसईई) को नतिजामा सुधार भएको पाइएको छ। उच्च शिक्षाको ढोका मानिने एसईईमा गत वर्ष कर्णालीबाट साधारण र प्राविधिक धार गरी कुल ३२ हजार तीन सय ३६ विद्यार्थी सहभागी भएका थिए। जसमा १९ हजार ९५ अर्थात ५९.०५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। यो विगत दुई वर्षको तुलनामा सुधार भएको नतिजा हो।

तथ्यांक अनुसार कुल विद्यार्थी मध्ये १३ हजार दुई सय ४१ अर्थात ४०.९५ विद्यार्थी माथिल्लो कक्षामा पढ्न नपाउने गरी फेल भएका छन्। शिक्षा विकास निर्देशनालय सुर्खेतले उपलब्ध गराएको तथ्यांकअनुसार कर्णालीका १० जिल्ला मध्ये केहीले सन्तोषजनक नतिजा सुधार गरेका छन् भने केही जिल्लामा नतिजा निरन्तर कमजोर बन्दै गएको देखिन्छ।

प्रदेशको समग्र नतिजा २०८० मा ४१.५३ प्रतिशत रहेकोमा २०८१ मा बढेर ५६.८७ प्रतिशत पुगेको थियो। २०८२ मा बढेर ५९.०५ प्रतिशत पुगेको छ। तथ्यांकअनुसार २०८२ सालमा सबैभन्दा राम्रो नतिजा मुगु जिल्लाको छ। मुगुमा ७५.९० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। २०८० मा त्यहाँ ४१.८९ प्रतिशत र २०८१ मा ६९.०९ प्रतिशत विद्यार्थी एसईईमा उत्तीर्ण भएका थिए।



*(क्याप्सन : फाइल तस्वीर)*

तीन वर्षमै मुगुले झण्डै दोब्बर सुधार गर्दै प्रदेशकै उत्कृष्ट जिल्ला बन्न सफल भएको तथ्यांकले देखाउछ। रुकुम पश्चिमले पनि एसईई नतिजामा राम्रै सुधार गरेको छ। २०८० मा ६३.६६ प्रतिशत रहेको उत्तीर्ण प्रतिशत २०८१ मा ७४.९४ प्रतिशत पुगेको थियो भने २०८२ मा ७९.३४ प्रतिशत कायम भएको छ। जुम्लाको नतिजा पनि सुधारोन्मुख देखिएको छ। २०८० मा ५१.०७ प्रतिशत रहेको नतिजा २०८१ मा ७५.८५ प्रतिशत पुगेको थियो।

२०८२ मा केही घटेर ६८.१७ प्रतिशत भए पनि जुम्ला प्रदेशका उच्च नतिजा ल्याउने जिल्लामध्येमा परेको छ। सल्यानमा पनि तीन वर्षको अवधिमा एसईईको नतिजामा सुधार भएको देखिन्छ। सल्यानमा २०८० मा ४८.५१ प्रतिशत रहेको उत्तीर्ण प्रतिशत २०८१ मा ६५.८९ प्रतिशत पुगेको थियो भने २०८२ मा ६८.५२ प्रतिशत पुगेको छ। यता, हुम्लामा भने लगातार नतिजा घट्दोक्रममा देखिएको छ।

२०८० मा ४७.८९ प्रतिशत रहेको उत्तीर्ण प्रतिशत २०८१ मा ५१.६० प्रतिशत पुगे पनि २०८२ मा घटेर ४९.३७ प्रतिशतमा झरेको छ। यस्तै, जाजरकोटको एसईई नतिजा पनि खराब विन्दुमा झरेको छ। २०८० मा जाजरकोटमा ५५.३१ प्रतिशतबाट बढेर २०८१ मा ८२.११ प्रतिशत पुगेको नतिजा २०८२ मा घटेर ४५.९१ प्रतिशतमा सीमित भएको छ।

डोल्पाको नतिजा पनि तीन वर्षको अवधिमा सबैभन्दा कमजोर अवस्थामध्येमा देखिएको छ।

बाँकी ३ पेजमा

## यस्तो छ विद्यार्थीले प्राप्त गरेको ग्रेड

कर्णालीका १० जिल्लामा ३.२० देखि ४ जीपीए प्राप्त गर्ने विद्यार्थीको संख्या एक हजार दुई सय ६८ छ। यस्तै, तीन हजार नौ सय ८९ जनाले ३.२० देखि ३.६०, सात हजार ६ सय ३० जनाले २.८० देखि ३.२०, पाँच हजार ६ सय १९ जनाले २.४० देखि २.८० जीपीए प्राप्त गरेका छन्।

त्यस्तै, पाँच सय ८९ जनाले २ देखि २.४० जीपीए प्राप्त गरेको तथ्यांकमा उल्लेख छ। परीक्षामा अनुत्तीर्ण भएकाहरूका लागि १ असारदेखि परीक्षा सञ्चालन हुने जनाइएको छ। यो परीक्षाका लागि बोर्डले सम्बन्धित विद्यालयलाई थप तयारी कक्षा सञ्चालन गर्नसमेत अनुरोध गरेको छ। ननग्रेडेड सबै विद्यार्थीले मौका परीक्षा दिन पाउनेछन्। यसका साथै बोर्डले एसईईको नतिजामा चित्त नबुझेमा विद्यार्थीले पुनर्योग गर्न पाउने जनाएको छ।

## सुर्खेत उपत्यका नगर विकास समितिमा भ्रष्टाचार भएको अख्तियारको ठहर



**युग संवाददाता**
**सुर्खेत, ३० बैशाख ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुर्खेत उपत्यका नगर विकास समितिका तत्कालिन सदस्य सचिवसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

समितिको सटर र जग्गा भाडावापतको राजश्व रकम बैंकमा दाखिला नगरी हिनामिना गरेको दावीसहित अख्तियारले बुधबार (आज) विशेष अदालत काठमाडौंमा भ्रष्टार मुद्दा दायर गरेको हो।

उपत्यका नगर विकास समितिका सदस्य सचिव एवम् वीरेन्द्रनगर नगरपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृतहरु टीकाराम ढकाल, नरहरी तिवारी, गेहेन्द्रबहादुर डाँगी, लेखा अधिकृत स्व. हरिबहादुर क्षेत्री र सह-लेखापाल खड्कबहादुर रानाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो। अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उल्लेखित व्यक्तिहरुको मिलेमतो तथा योजनामा आर्थिक वर्ष २०७६/७७, २०७७/७८, २०७८/७९, २०७९/८० र २०८०/८१ को भाडा असुली रसिदबाट जम्मा चार करोड १८ लाख चार हजार तीन सय तीन रुपैयाँ राजस्व आम्दानी समितिको खातामा जम्मा गर्दा बदनियत भेटिएको दावी छ।

उक्त रकम समितिको खातामा दाखिला नगरी राजस्व रकम मध्ये एक करोड २३ लाख २५ हजार ६ सय २२ रुपैयाँ मात्रै बैंक दाखिला गरेको र बाँकी दुई करोड ९४ लाख ७८ हजार ६ सय एकासी रूपैयाँ बैंक दाखिला नगरी राजस्व हिनामिना गरेको आरोप उनीहरुमाथि छ। समितिका पदाधिकारीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को (ग) बमोजिमको कसुर ठहर गर्दै अख्तियारले प्रतिवादी पाँचै जनाविरुद्ध विशेष अदालत समक्ष कैद सजाय र जरिवाना मागदावी गरेको छ।

# एक हजार मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण

**युग संवाददाता**
**कैलाली, ३० बैशाख ।**

रानी जमरा कुलरिया सिँचाइ आयोजनाले कैलालीको टीकापुरमा निर्माण गरिरहेको शीतभण्डार यसै वर्षबाट सञ्चालन गर्ने तयारी गरिएको छ। शीतभण्डार निर्माणको अन्तिम चरणका विद्युत् जडान तथा 'रेफ्रिजेरेसन'लगायतका काम भइरहेका छन्।

निर्माणको म्याद २०८३ मङ्सिर मसान्तसम्म रहेकाले यसै वर्षबाट सञ्चालन गर्नेगरी काम भइरहेको रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख भरत कँडेलले बताए।

शीतभण्डार निर्माणपछि रानी जमरा कुलरिया शीतभण्डार गृह सञ्चालन तथा व्यवस्थापन समितिलाई हस्तान्तरण गरिनेछ। रानी जमरा कुलरिया सिँचाइ प्रणाली जल उपभोक्ता संस्था मूल कुला समितिले यतिबेला शीतभण्डारको सेयर वितरण गरिरहेको छ। एकाइका प्रमुख कँडेलले शीतभण्डार गत वर्ष ८५ प्रतिशत निर्माण सम्पन्न भएको र यस वर्ष बाँकी काम सुरु भएको जानकारी दिए।

"बाँकी रहेको निर्माण र विद्युत् तथा रेफ्रिजेरेसन कार्य भइरहेको छ", उनले भने, "यी दुई कार्यका लागि छुट्टाछुट्टै ठेक्का गरी रु एक करोड ३४ लाख ६६ हजार ९१५ मा निर्माण सुरु भएको छ। अहिले आयोजनाको ७५ प्रतिशत र उपभोक्ताको २५ प्रतिशत लगानी छ।" यसअघि आयोजनाको ८० प्रतिशत र उपभोक्ताको २० प्रतिशत लगानीमा रु सात करोड छ लाख ६९ हजारमा शीतभण्डार निर्माण भएको हो।

एक हजार मेट्रिक टन क्षमताको शीतभण्डार विशेष गरी आलु भण्डारणका लागि प्रयोग गर्ने योजना छ। "आयोजनाले शीतभण्डार सञ्चालन कार्यविधि निर्माण गर्दैछ र व्यावसायिक योजना बनाइसकेको छ", उनी भन्छन्, "भवन निर्माणपछि जल उपभोक्ता मूल समितिलाई हस्तान्तरण गर्ने र केही समय सञ्चालनमा लागि आयोजनाले सघाउनेछ।"

शीतभण्डार सञ्चालनका लागि मूल कुला समितिमा आबद्ध किसान उपभोक्ताले यसअघि रु एक करोड ३१ लाख लागत सहभागिता जनाएका छन्। यसपटक रु ३३ लाख लगानी गर्नुपर्नेछ। यस वर्ष जल उपभोक्ता समितिले रु सात लाख लगानी गरेको बाँकी रकम उठ्ने क्रममा रहेको जनाइएको छ। उपभोक्ताले शीतभण्डार निर्माणका लागि तिर्नुपर्ने रकममा २०८१ सालमा टीकापुर नगरपालिकाले रु ७४ लाख सहयोग गरेको थियो भने चालु आवमा जानकी गाउँपालिकाले पनि रु १५ लाख छुट्याएको छ।

उपभोक्ता समितिमा चार हजार ५९६ सेयर सदस्य छन्। जसमा ७१ हजार ६८३ सेयर कित्ता रहेको छ भने सेयर रकम ७१ लाख ६८ हजार ३०० पुगेको रानी जमरा कुलरिया सिँचाइ प्रणाली जल उपभोक्ता संस्था मूल कुला समितिका सचिव परशुराम महतोले बताए। "अहिले पनि किसानलाई सेयर वितरण भइरहेको छ", उनले भने, "शीतभण्डार सञ्चालन भएमा यहाँका आलु र फलफूलखेती गर्ने किसानलाई राहत हुनेछ।"

जानकी गाउँपीलकाका अध्यक्ष गणेश चौधरीले आयोजना सुरु गर्दा सिँचाइ सुविधा पुऱ्याउने र कृषि उत्पादन बढाउने उद्देश्यमात्र रहे पनि विस्तारै शीतभण्डार, विद्युत् उत्पादनजस्ता कार्य गरी सुविधा विस्तार गरेको बताए। अध्यक्ष चौधरीले भने, "हाम्रा पुर्खाले खनेर बनाएका कुला आधुनिकीकरण भएका छन्। खेतमा सिँचाइ सुविधा पुगेको छ। आयोजना विस्तारका क्रममा बाटो, पुलपुलेसा, तटबन्ध निर्माणसँगै बिजुली उत्पादन गरी वार्षिक रु १५ करोडको विद्युत बिक्री भइरहेको छ। अब हामीले हाइड्रोपावरको किसानले पनि सेयर

बाँकी ३ पेजमा

**आत्महत्या समस्याको समाधान होइन।**

**आत्महत्यका प्रमुख कारण**
- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि।

**रोकथामका उपाय:**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाब वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौ र सहयोग गरौं।

**एक अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# तथ्यमा आधारित नीति लेऊ !

नेपाल बहुसूचक सर्वेक्षण २०८१/०८२ को नतिजाले कर्णाली प्रदेशको सामाजिक यथार्थलाई उजागर गरेको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांकले महिला तथा बालबालिकासम्बन्धी केही क्षेत्रमा उल्लेखनीय सुधार देखाए पनि बालमृत्यु, किशोरी प्रजनन, बालविवाह, बालश्रम, कुपोषण र मानसिक स्वास्थ्यका समस्या चुनौतीका रुपमा देखाएको छ। यसले मानव विकासका सूचक सुधार गर्न कर्णालीले अझै मेहनत गर्नुपर्ने देखएको छ। सर्वेक्षणले प्रदेशमा जन्मदर्ता, पूर्वप्रसूति जाँच, संस्थागत प्रसूति र दक्ष स्वास्थ्यकर्मीको पहुँचमा उल्लेखनीय सुधार भएको देखाएको छ। पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर ९५.८ प्रतिशत पुग्नु देशकै उच्च हो। ९१.९ प्रतिशत महिलाले कम्तीमा चार पटक पूर्वप्रसूति जाँच गराउनु र ९१.३ प्रतिशतले स्वास्थ्य संस्थामै प्रसूति गराउनु सकारात्मक उपलब्धि हुन्। यी तथ्यांकले स्वास्थ्य सेवामा पहुँच विस्तार भएको र जनचेतना बढेको पुष्टि गर्छन्। तर, उपलब्धिका यी उज्याला पक्षसँगै कर्णालीका कठोर यथार्थहरू झन् चिन्ताजनक छन्।

प्रदेशमा नवजात शिशु मृत्युदर प्रति हजार २२, शिशुमृत्युदर २९ र पाँच वर्षमुनिका बालमृत्युदर ३८ हुनु राष्ट्रिय औसतभन्दा उच्च हो। किशोरी प्रजनन दर प्रति हजार ७७ पुग्नु, १८ वर्षअघि विवाह गर्ने महिलाको प्रतिशत ४१ हुनु र १५ वर्षअघि नै विवाह गर्ने दर सबै प्रदेशभन्दा उच्च हुनु सामाजिक संरचना र चेतनाको कमजोरीको द्योतक हो। कानूनी प्रतिबन्ध हुँदा हुँदै बालविवाह र किशोरावस्थामै मातृत्व कायम रहनु राज्यका संयन्त्र र समाज दुवैका लागि चुनौती हो। कुपोषणको अवस्था अझ गम्भीर देखिएको छ। उमेर अनुसार उचाई कम भएका बालबालिका ३६.६ प्रतिशत र तौल कम भएका २० प्रतिशत हुनु खाद्य सुरक्षा, पोषण र स्वास्थ्य सेवाको सीमित पहुँचसँग जोडिएको विषय हो। झाडापखाला तथा श्वासप्रश्वास समस्याको दर पनि राष्ट्रिय औसतभन्दा उच्च देखिनु आधारभूत स्वास्थ्य र सरसफाईमा अझै कमजोरी रहेको संकेत हो। त्यसमाथी प्रारम्भिक बाल विकास सूचकांक राष्ट्रिय औसतभन्दा कम हुनु भविष्यको मानव विकाससँग प्रत्यक्ष जोडिएको विषय हो।

सर्वेक्षणले पहिलो पटक किशोरकिशोरीको मानसिक स्वास्थ्यसम्बन्धी तथ्यांक पनि संकलन गरेको छ। कर्णालीमा ११.५ प्रतिशत किशोरकिशोरीले डिप्रेसन वा चिन्ताका लक्षण अनुभव गर्नु र आत्महत्याको प्रयास गर्ने प्रतिशतसमेत देखिनु गम्भीर चेतावनी हो। मानसिक स्वास्थ्य अब उपेक्षा गर्न मिल्ने विषय रहेन। यो तथ्यांक अंकहरूको सूची होइन, राज्यको दायित्व सम्झाउने आधार हो। अब संघ, प्रदेश र स्थानीय सरकारले यी सूचकलाई नीतिगत प्राथमिकतामा राख्नुपर्छ। कर्णालीमा स्वास्थ्य, शिक्षा, पोषण, मानसिक स्वास्थ्य र सामाजिक चेतनामूलक कार्यक्रमलाई एकीकृत रूपमा अघि बढाउन सके मात्र दिगो सुधार सम्भव हुन्छ। तीनै तहका सरकारले आफ्ना नीति तथा कार्यक्रम तय गर्दा कमजोर मानव विकास सुचाङ्कका आधारमा तय गरिनु पर्दछ। जबसम्म वास्तविक तथ्यका आधारमा नीति तथा कार्यक्रम तय गर्न सकिदैन तबसम्म कमजोर तथ्यांकहरु सुध्रनुको साटो झन् दयनिय बन्दै जाने हुन्छन्।

## विश्व

### मनसुन जोखिमबीच श्रीलङ्कामा डेङ्गुका घटना बढ्दै : स्वास्थ्य अधिकारी

**कोलम्बो, ३० वैशाख ।**

श्रीलङ्कामा चालु वर्षको हाल सम्म २७ हजार ७५४ डेङ्गुका घटना दर्ता भएको जनाउदै १४ जनाको डेङ्गु सङ्कमणका कारण मृत्यु भएको स्वास्थ्य अधिकारीहरुले पुष्टि गरेका छन्। उनीहरुका अनुसार श्रीलङ्काका २५ वटै जिल्ला सङ्क्रमण फैलिएको छ।

श्रीलङ्काको राष्ट्रिय डेङ्गु नियन्त्रण एकाईले सन् २०२५ को तुलनामा हाल सम्म पुष्टि भएका सङ्क्रमितको संख्या तुलनात्मक रुपमा बढेको बताएको छ। डेङ्गुबाट सबै भन्दा धेरै सङ्क्रमण फैलिएको पश्चिमी प्रान्तबाट रिपोर्ट गरिएको छ भने मातारा, गाले, रत्नपुरा, कालुतारा र क्यान्डीमा पनि सन् २०२६ को पहिलो चार महिनामा डेङ्गु संक्रमणको उच्च संख्या रेकर्ड गरेका छन्।

श्रीलङ्काको राष्ट्रिय डेङ्गु नियन्त्रण एकाईका सामुदायिक चिकित्सा विशेषज्ञ प्रिसिला समरवीराले स्वास्थ्य मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै आगामी दिनमा मनसुनी वर्षा सुरु हुँदा सङ्क्रमण अझै बढ्न सक्ने बताएका छन्।

विद्यालय, कार्यस्थल, धार्मिक संस्था र सरकारी तथा निजी संस्थाहरूमा डेङ्गुका लामखुट्टेको प्रजनन बढेको अधिकारीहरूले बताएका छन्। डेङ्गु रोकथाममा कडा सार्वजनिक सहयोगको आवश्यकतालाई जोड दिँदै फोहोरको उचित व्यवस्थनपनको अभावले संक्रमण दिनानु दिन बढी रहेको जनाइएको छ।

श्रीलङ्काका नागरिकहरुलाई ज्वरो सँगै मांसपेशी दुख्ने, टाउको दुख्ने, बान्ता आउने जस्ता कम्तिमा दुईवटा लक्षणहरू देखा परेमा ढिलाइ नगरी चिकित्सा सहायता लिन सल्लाह दिइएको जनाइएको छ।

### सुडानका ४१ लाख शरणार्थीहरू मूल थलोमा फिर्ता : आइओएम

**खार्तुम, ३० वैशाख ।**

द्वन्द्वको कारण विस्थापित भएका लग-भग ४१ लाख सुडानी नागरिक आफ्नो मूल थात थलोमा फर्केको आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आइओएम) ले घोषणा गरेको छ।

सुडानका लागि आइओएमका मिसन प्रमुख मोहम्मद रेफाटले युएन न्यूजलाई सुडान भित्र वा बाहिर बाट मुल थात थलोमा फर्केका व्यक्तिहरूको सङ्ख्यामा निरन्तर वृद्धि भएको पुष्टि गरेका छन्। जसले सुडानको सुधारिएको वर्तमान अवस्थालाई सम्बोदन गर्ने आशाको झलक प्रस्तुत गरेको जनाइएको छ।

उहाँले फर्केका मानिसहरुको सङ्ख्या ८० प्रतिशत भन्दा बढी रहेको उल्लेख गर्दै उनीहरु सुडान भित्रै बाट र अन्य नौ वटा मुलुकहरू बाट आफ्नो मुल थलोमा फर्केको जनाउनु भएको छ। यो प्रक्रिया पछि आन्तरिक विस्थापित व्यक्तिहरूको संख्या घटेर लग-भग एक करोड २० लाख पुगेको जनाइएको छ।

## घोडाघोडी सिमसार :

# सम्भावना ठूलो, संरक्षण कमजोर

**इन्द्राकुमारी केसी/रासस**

कैलाली जिल्लाको पूर्वपश्चिम राजमार्गको उत्तरतर्फ अवस्थित घोडाघोडी सिमसार क्षेत्र प्राकृतिक सौन्दर्य, सांस्कृतिक महत्व र पर्यटकीय आकर्षणको अद्बितीय सङ्गमका रूपमा चिनिँदै आएको छ। यो क्षेत्र केबल तालहरूको शृङ्खलामात्र होइन, अन्तरराष्ट्रिय महत्व बोकेको एक समृद्ध पारिस्थितिक प्रणालीसमेत हो, जहाँ थुप्रै दुर्लभ वनस्पति र जीवजन्तु पाइन्छन्।

घोडाघोडी सिमसारमा पाइने विभिन्न जलचर, पन्छी, वन्यजन्तु र वनस्पतिहरूका कारण यस क्षेत्रलाई जैविक विविधताका दृष्टिले अति नै महत्त्वपूर्ण मानिन्छ। सांस्कृतिक आस्था र धार्मिक विश्वासले समेत समेटिएको यो क्षेत्र सन् २००३ को अगस्टमा विश्व रामसार सूचीमा सूचीकृत गरिएको थियो।

चुरे र तराई भूभागको सङ्गमस्थलमा फैलिएको यो सिमसारले धार्मिक, प्राकृतिक तथा पर्यटकीय पक्षलाई एकैसाथ समेटेको छ। दुई हजार ५६३ हेक्टर क्षेत्रफलमा फैलिएको सिमसारभित्र घोडाघोडी, नकरोडलगायत २४ वटा तालले १४७ हेक्टर भूभाग ओगटेका छन्। एक तालको समाप्ति नहुँदै अर्को ताल सुरु हुने भएकाले यो सिमसार क्षेत्र तालहरूको मालाजस्तै देखिन्छ। उष्णप्रदेशीय पतझर वनभित्र फैलिएको यो क्षेत्र जैविक सम्पदाले भरिपूर्ण छ र तराई-चुरेबीचको जैविक मार्गका रूपमा पनि महत्त्वपूर्ण मानिन्छ। प्राकृतिक र जैविक सम्पदाको यो धरोहर अहिले पर्यटकीय आकर्षणको केन्द्रसमेत बन्दै गएको छ।

**जैविक विविधताको खानी घोडाघोडी**

पूर्वपश्चिम राजमार्गको उत्तरतर्फ जोडिएको घोडाघोडी क्षेत्र जलीय तथा स्थलीय जैविक विविधताले भरिपूर्ण छ। यहाँ धेरै प्रजातिका वनस्पति र जीवजन्तु तथा चराहरूका लागि निकै नै महत्वपूर्ण छ। दुर्लभ चराचुरुङ्गीले विचरण गर्ने शान्त र सुरक्षित बासस्थानका रूपमा पनि घोडाघोडी रहेको छ। यहाँ विश्वव्यापी रूपमा खतरामा रहेका राजलाहाँचे, राजधनेस, माछाकुल, सेतो गिद्ध, डँगर गिद्ध, सानो खैरो गिद्ध र भुडिफोर गरुड पाइन्छन्। तीन प्रजातिका चरा नाँदुन हाँस, हरिहाँस, बगाले सिमकुखुराले घोडाघोडी क्षेत्रमा मात्रै प्रजनन गर्ने गर्दछन्। साथै, अजिङ्गर, सालक, ओत, कछुवा, चितुवा, लोखर्के, खरायो, मुसा, न्याउरीमुसा, स्याल, मलसाँप्रो, बाँदर, लङ्गुर, बँदेल, रतुवा, चित्तल, निलगाई, गोही, सुनगोहोरो र छेपारालगायतका विभिन्न प्रजातिको महत्वपूर्ण बासस्थानका रूपमा यो क्षेत्र रहेको छ।

यहाँ ६४७ प्रजातिका वनस्पति, ३२ प्रजातिका पुतली, ३४ प्रजातिका स्तनधारी, ११ प्रजातिका सङ्खेकीरा, सात प्रजातिका घस्रिने जनावर पाइने गरेको घोडाघोडी ताल क्षेत्रको विस्तृत गुरुयोजना २०७७ मा उल्लेख गरिएको छ। सन् २०२३ मा गरिएको एक अध्ययनअनुसार यहाँ ३९ प्रजातिका माछा पाइन्छन्। घोडाघोडीमा हाल ३८१ प्रजातिका चरा पाइने गरेको चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष दयाराम चौधरी बताउँछन्।

विश्वभरका एक हजार ३१४ रामसार क्षेत्रमध्ये केही विशेष स्थानीय प्रजातिका माछा र पुतली यस ताल क्षेत्रमा मात्र पाइन्छन्। यहाँका जङ्गलमा बहुमूल्य र औषधिका रूपमा प्रयोगमा आउने सतिसाल, साज, खयरलगायत वनस्पति पाइन्छ। रामसारको प्रावधानअनुसार विश्वका आठमध्ये दुई महत्त्वपूर्ण अन्तरराष्ट्रिय चराहरूको सूचक यस तालमा उपलब्ध छन्। यहाँ हरिहाँस, मगर गोही र वनधान सूचक प्रजातिको रूपमा छन्। चराहरूको महत्त्वपूर्ण बासस्थल भएकाले २७ फागुन २०७८ मा घोडाघोडी क्षेत्रलाई नेपालको पहिलो 'वर्ड सेन्चुरी (चरा अभय आरक्षण) क्षेत्र' घोषणा गरिएको थियो।

**आस्था, संस्कृति र पहिचानको त्रिवेणी**

घोडाघोडीको महत्व केबल सिमसार र जैविक विविधतामा मात्रै सीमित छैन। यो पश्चिम नेपालका थारू समुदायको लागि सबैभन्दा ठूलो र पवित्र देवस्थल हो। उनीहरू यसलाई 'घोरीघोरा' देवस्थानका रूपमा हरेक वर्ष विधिपूर्वक 'लवाङ्गी पूजा' गरिन्छ। यस पूजामा नयाँ अन्नबाली देवतालाई चढाउने गरिन्छ। घोडाघोडी नगर भल्मल्सा कार्यसमितिका अध्यक्ष बुधराम चौधरीका अनुसार कैलाली, कञ्चनपुरदेखि दाङसम्मका थारू समुदायको आस्था यस स्थानसँग जोडिएको छ।

यस बाहेक, माघेसङ्क्रान्ति, शिवरात्रि र मोहन्याल पर्वमा यहाँ ठूला धार्मिक मेला लाग्छन्, जहाँ हजारौँ भक्तजनको घुइँचो लाग्छ। तालको किनारमा रहेको शिव मन्दिरले यस क्षेत्रलाई अन्य समुदायका लागि पनि आस्थाको केन्द्र बनाएको छ। यति धेरै प्राकृतिक, जैविक र सांस्कृतिक महत्व बोकेको यो क्षेत्र पछिल्ला वर्षहरूमा विभिन्न चुनौतीको सामना गरिरहेको छ। बढ्दो मानव चाप, अव्यवस्थित संरचना विकास र संरक्षणतर्फ न्यून प्राथमिकताका कारण यो सिमसार क्षेत्र सङ्कटमा पर्न थालेको छ। एकातिर यसको पर्यटकीय चर्चा चुलिँदैछ भने अर्कातिर यसको जैविक विविधता खस्किरहेको छ।

**बढ्दो मानव चाप र अव्यवस्थित संरचनाले बढ्यो चुनौती**

प्राकृतिक, जैविक र सांस्कृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिएको घोडाघोडी सिमसार पछिल्ला वर्षहरूमा विभिन्न चुनौतीको सामना गरिरहेको छ। बढ्दो मानव चाप, सजावटका लागि प्रयोग गरिएका रङ्गीबिरङ्गी कपडा, हाइटेसन लाइन, धार्मिक गतिविधिको विस्तार तथा संरक्षणमा कमजोर व्यवस्थापनका कारण सिमसार क्षेत्र सङ्कटमा पर्दै गएको छ।

चराविद् तथा संरक्षणकर्मी डा हेमसागर बराल सिमसार क्षेत्रमा बढ्दो भौतिक संरचना र अव्यवस्थित पर्यटन गतिविधिले घोडाघोडीको प्राकृतिक स्वरूप नै बिग्रँदै गएको बताउँछन्। अत्यधिक संरचना निर्माणले सिमसार क्षेत्रलाई कङ्क्रिट जङ्गलजस्तै बनाउने खतरा बढेको उल्लेख गर्दै योजनाबिना बनाइएका संरचनाले प्राकृतिक सौन्दर्य र जैविक विविधता दुवैमा नकारात्मक प्रभाव पारेको उनको भनाइ छ।

संरक्षणकर्मी विजयराज श्रेष्ठका अनुसार सिमसार क्षेत्रमा जथाभावी मन्दिर, पर्खाल, तारजाली तथा अन्य भौतिक संरचना निर्माण भइरहेका छन्। "धार्मिक आस्था नराम्रो होइन, तर प्रकृतिमाथि हस्तक्षेप हुनेगरी संरचना विस्तार गर्नु उपयुक्त हुँदैन", उनले भने। उनका अनुसार रातिको अत्यधिक प्रकाशले चराचुरुङ्गी तथा वन्यजन्तुको प्राकृतिक जीवनचक्रमा असर पारिरहेको छ। धार्मिक गतिविधिसँगै बढ्ने फोहर, कोलाहल र मानव चापले सिमसारको संवेदनशील पारिस्थितिक प्रणाली थप प्रभावित बनेको उनको भनाइ छ। "प्राकृतिक सम्पदालाई सम्मान गर्दै धार्मिक गतिविधि सञ्चालन गर्नुपर्छ", उनले भने।

**मिचाहा झारको विस्तारले सङ्कटमा सिमसार**

घोडाघोडी तालमा मिचाहा प्रजाति झार विस्तार भएपछि तालको अस्तित्व सङ्कटतर्फ धकेलिँदै गएको छ। घोडाघोडी क्षेत्रको उत्तर र पूर्वी भूभागमा ढाकिँदै गएको छ। यसले तालको प्राकृतिक स्वरूपका साथै सिमसारमा निर्भर जैविक विविधता, जलचर तथा चराचुरुङ्गीको वासस्थानमा समेत असर परेको छ। डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्याले घोडाघोडी सिमसार क्षेत्रमा फैलिँदै गएको मिचाहा प्रजातिका वनस्पतिले सिमसारको जैविक विविधता र जलचर प्रणालीमा गम्भीर असर पारिरहेको बताए।

पाध्याले मिचाहा झारका कारण सिमसारमा रहेका विभिन्न प्रजातिका चराचुरुङ्गी, जलचर तथा मगरजस्ता जीव प्रभावित भइरहेको बताए। उनका अनुसार यस्ता झारले पानीको सतह ढाक्दा सूर्यको प्रकाश तलसम्म पुग्न नसक्ने भएकाले पानीमा अक्सिजनको मात्रा घट्ने र जलचर प्रणाली नै प्रभावित हुने अवस्था सिर्जना भइरहेको छ। डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ वन अधिकृत दीपेन्द्र केसीका अनुसार हाल घोडाघोडी ताल क्षेत्रको करिब पाँच हेक्टर क्षेत्रफल बेसरमले ढाकेको छ।

सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रमअन्तर्गत आवश्यक बजेट विनियोजन गरी बेसरम हटाउने कार्य गरिएको वरिष्ठ वन अधिकृत केसीले उल्लेख गरे। उनका अनुसार चालु आर्थिक वर्षमा मन्त्रालयले विनियोजन गरेको करिब रु एक लाख बजेटमार्फत बेसरम नियन्त्रण तथा हटाउने लक्ष्य राखिएको छ। ताल क्षेत्रभित्र विशेषगरी करिब दुई हेक्टर क्षेत्र अत्यन्त बाक्लो रूपमा बेसरमले ढाकेको छ।

सीमित स्रोत र बजेटका कारण यस वर्ष करिब आधा हेक्टर क्षेत्रबाट मात्रै हटाउने योजना बनाइएको वरिष्ठ वन अधिकृत केसीले बताए। "अहिले समग्रमा करिब पाँच हेक्टर क्षेत्र ढाकिएको छ", उनले भने, "उपलब्ध बजेट र जनशक्तिअनुसार यस पटक आधा हेक्टर क्षेत्र व्यवस्थापन गर्ने लक्ष्य लिएका छौँ तर दीर्घकालीन रूपमा पूर्ण नियन्त्रणका लागि थप लगानी र निरन्तर प्रयास आवश्यक छ।"

हरेक वर्ष झार फैलिने क्रम जारी रहेकाले समस्या दीर्घकालीन रूपमा समाधान हुन सकेको छैन। वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्याले मिचाहा झार हटाउने काम एकपटकको अभियानले मात्र सम्भव नहुने भन्दै निरन्तर व्यवस्थापन आवश्यक रहेको बताए। झार कुहिएर थुप्रिँदै जाँदा ताल पुरिने प्रक्रिया तीव्र हुने र दीर्घकालमा सिमसार क्षेत्र नै सङ्कटमा पर्न सक्ने उहाँको भनाइ छ।

अहिले उपलब्ध बजेटले सीमित क्षेत्र मात्र सफा गर्न सकिने भन्दै दीर्घकालीन योजना, निरन्तर कार्यक्रम र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक रहेको उनको धारणा छ। "मिचाहा प्रजाति नियन्त्रण केबल बजेटले मात्र सम्भव हुँदैन, दीर्घकालीन योजना, निरन्तर व्यवस्थापन र स्थानीय तहसम्मको समन्वय आवश्यक रहेको," डा. बरालले बताउँछन्। घोडाघोडी सिमसार तथा चराहरूको संरक्षणका लागि विभिन्न नीतिगत तथा संस्थागत पहलहरू पनि गरिएका छन्। तर, घोषणा अनुसारका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।

**घोषणामै सीमित चरा अभय आरण्य**

रैथाने तथा आगन्तुक चराहरूको प्रमुख वासस्थानका रूपमा परिचित यस क्षेत्रलाई प्रदेश सरकारले २०७८ फागुन २७ गते नेपालकै पहिलो 'चरा अभय आरण्य'का रूपमा घोषणा गरेको थियो। चराहरूको संरक्षण, प्रजनन् र वासस्थान सुरक्षित गर्ने उद्देश्यसहित गरिएको यो घोषणा सुरुमा निकै महत्वाकांक्षी र उदाहरणीय कदमका रूपमा हेरिएको थियो। घोषणा भएको लामो समय बितिसक्दा पनि आवश्यक बजेट, पूर्वाधार विकास र प्रभावकारी व्यवस्थापनको अभावमा यसको उद्देश्य अपेक्षित रूपमा कार्यान्वयन हुन सकेको छैन।

अभय आरण्य क्षेत्र घोषणापछि प्रदेश सरकारमार्फत यस क्षेत्रका लागि झार हटाउनु बाहेक अन्य व्यवस्थापनका कार्य हुन सकेको छैन। "घोडाघोडी क्षेत्र चराहरूको लागि मात्र नभई सम्पूर्ण पारिस्थितिक सन्तुलनका लागि महत्वपूर्ण क्षेत्र रहेको संरक्षणकर्मी डा बराल बताउँछन्। उनी भन्छन्, "घोषणा मात्रै गरेर घोडाघोडीको संरक्षण सम्भव हुँदैन, त्यसका लागि दीर्घकालीन योजना, पर्याप्त लगानी र निरन्तर अनुगमन आवश्यक हुन्छ।" घोषणापछि अपेक्षित रूपमा संरक्षणका कार्यक्रम सञ्चालन हुन नसक्नुको मुख्य कारण बजेट अभाव देखिएको छ। वन अधिकृत पाध्याका अनुसार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमार्फत चरा अभय आरण्य क्षेत्रमा सीमित बजेट मात्रै

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला। समय दिन नसक्दा नियमित काम बिग्रन सक्छ।

**वृष** — नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनाले प्रगति हुनेछ।

**मिथुन** — तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ। समाजले पदीय जिम्मेवारी दिलाउनेछ। नसोचेको अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ।

**कर्कट** — समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला।

**सिंह** — अस्वस्थताले कमजोर भइनेछ। खानपान र आहारविहारमा ध्यान पुर्याउनुहोला। खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला।

**कन्या** — रमाइलो भेटघाट हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ।

**तुला** — प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ।

**वृश्चिक** — अवसर र व्यवधानको उतारचढावबाट न्यून प्रतिफल हातपार्न सफल भइनेछ। धैर्य एवं लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ।

**धनु** — अरूको फाइदाका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ। छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ।

**मकर** — दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ

**कुम्भ** — प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली-व्यवहारमा अलि सजग रहनुपर्ला। हातबाट लक्ष्मी बाहिरिने सम्भावना छ।

**मीन** — आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। रोकिएको काम बन्नेछ।

# तल्लो सेती जलविद्युत् आयोजना : प्रवेश सुरुङ निर्माण सुरु



**युग संवाददाता**
**तनहुँ, ३० वैशाख ।**

तनहुँको देवघाट गाउँपालिका-४ मा १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाको प्रवेश सुरुङ निर्माण सुरु भएको छ । नेपाल विद्युत् प्राधिकरणको पूर्णस्वामित्वमा रहेको तनहुँ हाइड्रोपावर लिमिटेडले सुरुङ निर्माणका लागि आर.के. हाइड्रो इञ्जिनियरिङ एण्ड एशोसिएट्स प्रालि काठमाडौँसँग ठेक्का सम्झौता गरेको छ ।

वि.सं. २०८० फागुन ७ गते सम्पन्न ठेक्का सम्झौतापछि विस्फोटक पदार्थ प्रयोगसम्बन्धी स्वीकृति प्रक्रियामा भएको ढिलाइका कारण निर्माण केही समय प्रभावित भएको आयोजना प्रमुख हरिकुमार श्रेष्ठले जानकारी दिए । आवश्यक स्वीकृति प्राप्त भएपछि हाल सुरुङ निर्माण सुरु गरिएको उनले बताए ।

आयोजना प्रमुख श्रेष्ठका अनुसार प्रवेश सुरुङ आयोजनाको मुख्य संरचना निर्माणका लागि आवश्यक भूगर्भीय अध्ययन, अन्वेषण तथा पहुँच मार्गका रूपमा अत्यन्त महत्वपूर्ण रहनेछ । तल्लो सेती जलविद्युत् आयोजनाले पिकिङ रन अफ द रिभर प्रकृतिको अर्धजलाशययुक्त जलविद्युत आयोजना हो । आयोजनाबाट वार्षिक ५२० दशमलव ७८ करोड युनिट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको उनले बताए ।

उनका अनुसार आयोजनाको बाँध तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिकाअन्तर्गत सारङघाट नजिक सेती नदीमा निर्माण गरिनेछ । बाँधको उचाइ ३२ मिटर रहनेछ भने यसबाट करिब १२ दशमलव ७ किलोमिटर लामो जलाशय निर्माण हुनेछ । सञ्चित पानीलाई ६ दशमलव ७५ किलोमिटर लामो सुरुङमार्फत देवघाट गाउँपालिका-४, गाईघाटस्थित अर्धभूमिगत विद्युत् गृहमा पुऱ्याइने योजना रहेको उनले बताए ।

श्रेष्ठका अनुसार आयोजनाको विस्तृत परियोजना प्रतिवेदन एसियाली विकास बैंकको अनुदान सहयोगमा तयार गरिएको हो । आयोजनाको अनुमानित कूल लागत २२७ मिलियन अमेरिकी डलर रहेको उल्लेख गर्दै उनले कूल लागतको ३० प्रतिशत स्वपुँजी तथा ७० प्रतिशत ऋणमार्फत आयोजना निर्माण गर्ने अवधारणागत निर्णय नेपाल विद्युत् प्राधिकरणबाट भइसकेको जानकारी दिए ।

श्रेष्ठले विद्युत्गृह तथा कर्मचारी आवास निर्माणका लागि आवश्यक करिब १४६ रोपनी जग्गा अधिग्रहण प्रक्रिया सुरु गरिएको जानकारी दिए । नेपाल विद्युत् प्राधिकरणबाट आवश्यक बजेट विनियोजन भएपछि उक्त प्रक्रिया अगाडि बढाइएको उनको भनाई छ ।

आयोजना सञ्चालनमा आएपछि हिउँदयाममा दैनिक न्यूनतम ६ घण्टा १२६ मेगावाट विद्युत् उत्पादन गर्न सकिने श्रेष्ठले बताए । उनले माथिल्लो क्षेत्रमा निर्माणाधीन तनहुँ जलविद्युत् आयोजनाको जलाशयबाट निस्कने पानीको पूर्ण उपयोगका लागि तल्लो सेती आयोजना महत्वपूर्ण 'क्यास्केड' आयोजना भएको बताए । त्यस्ता आयोजनामा सरकारले प्राथमिकतासाथ पर्याप्त बजेट व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको उनले औँल्याए ।

श्रेष्ठका अनुसार तनहुँ जलविद्युत् आयोजनाकै प्रसारण लाइन प्रयोग गर्न सकिने भएकाले थप प्रसारण पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता पर्दैन । साथै आयोजना काठमाडौँ र भरतपुर जस्ता प्रमुख लोड सेन्टर नजिक रहेकाले यो आयोजना लागत प्रभावी तथा व्यावसायिक दृष्टिले उपयुक्त रहेको उनले बताए ।

ग्रिड कनेक्सन सम्झौता सम्पन्न भइसकेको तथा विद्युत् खरिद सम्झौता प्रक्रियामा रहेको जानकारी दिँदै श्रेष्ठले देवघाट गाउँपालिका-४, स्थित विद्युत् गृह तथा कर्मचारी आवास क्षेत्रमा पहुँच सुनिश्चित गर्न त्रिशूली नदीमाथि पक्की पुल निर्माण अपरिहार्य रहेको बताए । उक्त पुल निर्माणको अनुमानित लागत करिब रु ३७ करोड रहेको र त्यसका लागि बहुवर्षीय बजेट व्यवस्था आवश्यक पर्ने उनले बताए ।

उनले आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अन्तिम स्वीकृतिका लागि वन मन्त्रालयमा दस्तुर बुझाइसकिएको जानकारी दिँदै जापान अन्तर्राष्ट्रिय सहयोग नियोगसँग वित्तीय सहयोगका लागि पहल भइरहेको बताए । साथै एडीबीबाट सन् २०२७ मा आयोजनाको कार्यान्वयन गर्न पाइपलाइनमा राखेको उनले जानकारी दिए ।

## VACANCY ANNOUNCEMENT

**Published Date**: 29th Baisakh, 2083

**Valley Meridian Academy (VMA)**, a leading educational institution in the valley is an eminent as well as a high performing school that primarily focuses on **progressive education** in recent years for all-rounded development of the students incorporating experimental and activity based teaching-learning approach with immediate effect. As we are expanding our team, we invite applications from well-qualified, experienced, dedicated and self-motivated candidates in the following post listed below:

1. **Post** : **Secondary Level Computer Teacher**
   **Required No** : **1 (One)**
   **Qualification** : **Bachelor or Master's Degree in Computer Science** with at least **2 years** of working experience in the relevant field
   **Eligibility** : Must possess strong command over written and spoken English
   **Salary** : **NRs. 40,000 + Allowance** per month **(Salary is paid on a monthly basis)**

Interested candidates having proficiency and a positive attitude are highly encouraged to send their resume along with the **cover letter** at valleymeridian2063@gmail.com or drop in to the school office in person to apply until **3rd Jesth, 2083**.

*Only shortlisted candidates will be called for the further recruitment procedure.*

**Valley Meridian Academy (VMA)**
Birendranagar-09, Latikoili, Surkhet
Contact No. : 083-520587, 9858052921

# जलस्रोतसम्बन्धी नयाँ छाता कानुन ल्याउने सरकारको तयारी

**युग संवाददाता**
**काठमाडौँ, ३० वैशाख ।**

जलस्रोतको व्यवस्थापनलाई सङ्घीय संरचना अनुरुप व्यवस्थित गर्न सरकारले जलस्रोतसम्बन्धी नयाँ छाता कानुन ल्याउने तयारी तीव्र बनाएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले 'जलस्रोत विधेयक २०८३' को मस्यौदा परिमार्जन पूरा गर्दै त्यसलाई स्वीकृतिका लागि अघि बढाउने तयारी गरेको हो ।

हाल कार्यान्वयनमा रहेको जलस्रोत ऐन, २०४९ लाई प्रतिस्थापन गर्ने उद्देश्यसहित तयार गरिएको विधेयकले संविधानले व्यवस्था गरेको सङ्घ, प्रदेश र स्थानीय तहबीचको अधिकार बाँडफाँटलाई कानुनी आधार दिनेछ । नयाँ ऐन जारी भएपछि प्रदेश तथा स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रअनुसार छुट्टै कानुन निर्माण गर्न सक्ने छन् ।

मन्त्रालयका अनुसार विधेयकको मुख्य उद्देश्य जलस्रोतको संरक्षण, बहुआयामिक उपयोग र समुचित विकास सुनिश्चित गर्नु हो । यससँगै जल उत्पन्न विपद् न्यूनीकरण, जलस्रोतको दिगो उपयोग तथा एकीकृत व्यवस्थापनलाई विधेयकले प्राथमिकतामा राखेको छ ।

विधेयकमार्फत जल तथा ऊर्जा आयोगको सचिवालयलाई थप अधिकार सम्पन्न बनाउने प्रस्ताव गरिएको छ । सचिवालयलाई जलस्रोतको नियमन, नीति समन्वय र दीर्घकालीन योजना निर्माण गर्ने प्रमुख निकायका रूपमा विकास गर्ने तयारी गरिएको मन्त्रालयले जनाएको छ । आयोगको विद्यमान कार्यक्षेत्रलाई विस्तार गर्दै थप जिम्मेवारी दिइएको छ ।

मन्त्रालयले ऐनसँगै आवश्यक नियमावली तर्जुमाको काम समानान्तर रूपमा अघि बढाएको छ, ताकि कानुन पारित भएसँगै कार्यान्वयनमा लैजान सहज होस् । सरकारले संसद्को चालु अधिवेशनबाटै विधेयक पारित गर्ने लक्ष्य राखेको छ ।

## एक हजार...

पाउनुपर्ने माग गरेका छौँ ।"

अध्यक्ष चौधरीले हरेक परियोजनाबाट लक्षित वर्गलाई फाइदा हुनुपर्ने कुरामा ध्यान दिनुपर्ने बताउँदै शीतभण्डार सञ्चालनले पनि यहाँका किसानको आर्थिकस्तरमा सुधार आउनुपर्नेमा जोड दिए । टीकापुर साना सहरी खानेपानी तथा सरसफाई संस्थाका अध्यक्ष खडक धामीले सिँचाइ आयोजनाले किसानको क्षमता अभिवृद्धि, उत्पादन वृद्धिसँगै उत्पादन भण्डारणमा समेत सघाउँदा खुशी लागेको बताए ।

मूल कुला समिति टीकापुरका अध्यक्ष कुमारराज शाहीले शीतभण्डार सञ्चालनमा सघाउने सिँचाइ आयोजना, स्थानीय पालिका टीकापुर र जानकी, सेयर लिएर सघाउने किसान सबैलाई धन्यवाद दिएका छन् । पहिले रानीजमराको कमाण्ड क्षेत्र टीकापुर, जानकी, लम्कीचुहामात्र थियो भने अहिले तेस्रो चरणसम्म पुग्दा क्षेत्र विस्तार भएर भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, जोशीपुर, बर्दगोरिया गाउँपालिका पनि थपिएकाले त्यहाँका किसान सेयर सदस्य बन्न पाउने व्यवस्था छ ।

सिँचाइ आयोजनाले शीतभण्डार सञ्चालनमा आउने भएपछि यहाँ आलुखेती प्रवर्द्धनमा किसानलाई सघाइरहेको छ । आयोजनाले चालु आवमा दुई हेक्टरमा आलुको बिजवृद्धि सहयोग र १६२ हेक्टरमा आलु क्षेत्र विस्तार सहयोग कार्यक्रम गरेको छ । यसमा २५६ किसान लाभान्वित भएका छन् । आयोजनाले आगामी वर्ष आलु बालीको उत्पादन, बजारीकरण र स्याहारका लागि रु तीन करोड बजेट प्रस्ताव गरेको छ । आगामी वर्ष २५० हेक्टरमा आलुखेतीमा सघाउने योजना बनाएको जनाएको छ ।

## कर्णालीले...

२०८० मा ४४.९८ प्रतिशत रहेको उत्तीर्ण प्रतिशत २०८१ मा झन् घटेर ३३.१० प्रतिशत पुगेको थियो । २०८२ मा केही सुधार हुँदै ४६.६९ प्रतिशत पुगेको नतिजालाई सन्तोषजनक मानिएको छैन । दैलेखको अवस्था झन् चिन्ताजनक देखिएको छ । २०८० मा १६.८५ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएका दैलेखमा २०८१ मा २२.८९ प्रतिशत पुगेको थियो ।

२०८२ मा केही सुधार भएर एसईईको नतिजा ३१.८२ प्रतिशतमा सीमित भएको छ । प्रदेशका सबै जिल्लामध्ये दैलेखको नतिजा सबैभन्दा कमजोर छ । यस्तै, सुर्खेतमा २०८० मा ३३.७४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । २०८१ मा यो प्रतिशत बढेर ५४.१३ पुगेको थियो । २०८२ मा पुनः बढेर ५८.१९ प्रतिशत पुगेको छ । प्रदेश राजधानी रहेको जिल्लामा पछिल्ला वर्षमा सुधार देखिए पनि अपेक्षाअनुसारको नतिजा आउन नसकेको शिक्षा क्षेत्रका जानकारहरूको भनाइ छ ।

कालीकोटको नतिजामा पनि सुधार देखिएको छ । २०८० मा ३६.०२ प्रतिशत रहेको उत्तीर्ण प्रतिशत २०८१ मा ५७.०८ प्रतिशत पुगेको थियो । २०८२ मा बढेर ७३.१३ प्रतिशत पुगेको छ । यो तीन वर्षकै सबैभन्दा ठूलो सुधारमध्ये एक मानिएको छ । राष्ट्रिय स्तरमा भने २०८१ मा एसइई उत्तीर्ण प्रतिशत ६१.५१ प्रतिशत थियो ।

२०८२ मा बढेर ६५.८५ प्रतिशत पुगेको छ । तर, कर्णाली प्रदेशको समग्र नतिजा राष्ट्रिय औसतभन्दा निकै तल देखिएको छ ।

शिक्षा क्षेत्रमा भौगोलिक विकटता, शिक्षक अभाव, विद्यालय पूर्वाधारको कमजोरी, नियमित पठनपाठनमा समस्या तथा आर्थिक-सामाजिक अवस्था कमजोर हुनु कर्णालीको कमजोर नतिजाका मुख्य कारणका रूपमा औंल्याइँदै आएको छ । यद्यपि केही जिल्लामा देखिएको सुधारले उचित शैक्षिक व्यवस्थापन र नियमित अनुगमन भए कर्णालीको शैक्षिक अवस्था सुधार हुनसक्ने संकेत गरेको बताइन्छ ।

## सम्भावना...

विनियोजन गरिएको छ ।

यता सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइरालाले आगामी आर्थिक वर्षमा घोडाघोडी सिमसार क्षेत्रका लागि रु एक करोड बजेट विनियोजन गरिने बताउँछन् । उनका अनुसार सिमसारको संरक्षण, व्यवस्थापन तथा जैविक विविधता जोगाउन आवश्यक कार्यक्रमलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरिनेछ । उहाँले घोडाघोडी क्षेत्रको दीर्घकालीन संरक्षणका लागि सरोकारवाला निकायसँग समन्वय गर्दै प्रभावकारी योजना कार्यान्वयन गरिने पनि बताए ।

**पर्यटन विकास योजना अलपत्र**

सिमसारको संरक्षणसँगै यसको पर्यटन सम्भावनालाई उपयोग गर्ने उद्देश्यले स्थानीय तहले पनि विभिन्न पहलहरू अघि सारेको थियो । पर्यटनमार्फत आर्थिक समृद्धि हाँसिल गर्ने उद्देश्यसहित घोडाघोडी नगरपालिकाले २०७४ पुस २६ गते 'बृहत् घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड' गठन गरेको थियो । तत्कालीन नगरप्रमुख ममताप्रसाद चौधरीको पहलमा बनेको उक्त बोर्डले १० वर्षीय गुरुयोजना तयार गर्दै ताल तथा सिमसार संरक्षण, मिचाहा प्रजाति नियन्त्रण, जैविक विविधता जोगाउने, व्यवस्थित बोटिङ, पदमार्ग निर्माण तथा पर्यटकीय पूर्वाधार विकासका योजना अघि सारेको थियो । साथै, आन्तरिक तथा बाह्य पर्यटक लक्षित चरा अवलोकन र प्राकृतिक भ्रमण प्रवर्द्धन गर्ने लक्ष्य पनि राखिएको थियो ।

वि.सं २०७९ को निर्वाचनपछि बोर्डले निरन्तरता पाउन सकेन भने हालसम्म नयाँ समिति गठन गरिएको छैन । यता घोडाघोडी नगरपालिकाका नगरप्रमुख खडग रावत छुट्टै बोर्ड आवश्यक नरहेको बताउँछन् । उनी भन्छन्, "बृहत् घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डलाई निरन्तरता दिन आवश्यक छैन । गुरुयोजनाअनुसार विभिन्न पूर्वाधार निर्माणका काम भइरहेको छ ।" नगरपालिकाकै बजेट तथा योजनामा सिमसार क्षेत्रको पूर्वपट्टि थप संरचना निर्माणका लागि पनि काम अगाडि बढिरहेको छ ।

अनुसुची–१५
(दफा ३३ को उपदफा (२) सँग सम्बधिन्त)

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८३/०१/३१**

श्री कुनाथरी सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-८, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको कार्य योजना बमोजिम साल ग्रेड (ए) १३ थान २४५.५२ क्यू.फि., ग्रेड (बि) ४ थान ५१.२२ क्यू.फि., ग्रेड (सि) ४ थान २४.८२ क्यू.फि. गरी जम्मा २१ थान ३२१.५६ क्यू.फि., असना ग्रेड (ए) ११ थान २०५.०४ क्यू.फि., ग्रेड (बि) ५ थान ७३ क्यू.फि., ग्रेड (सि) ३ थान ५२.७७ क्यू.फि. गरी जम्मा १९ थान ३३०.८१ क्यू.फि., जमुन ग्रेड (बि) ५ थान ८६.८८ क्यू.फि. गरी जम्मा ५ थान ८६.८८ क्यू.फि. गरी कुल जम्मा ४५ थान ७३९.२५ क्यू.फि. काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनमा खरिद गरी २२ (बाइस) औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री कुनाथरी सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-८, सुर्खेत श्री लेखगाउँ सव-डिभिजन वन कार्यालय हुर्के, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री कुनाथरी सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.–८, सुर्खेत ।**

### वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिका कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

**(प्रकाशित मिति २०८३/०१/३१ गते**

सुर्खेत वी.न.नपा. बस्ने श्री गिता विश्वकर्माले यस वी.न.न.पा. साविक लाटीकोइली २ क कि.नं. ३३७६, क्षेत्रफल ९५.५० वर्ग मी. मा घर निर्माणका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी** : ज्ञान व. शाही
**पश्चिम जग्गाधनी** : दान व. खड्का
**उत्तर जग्गाधनी** : बाटो
**दक्षिण जग्गाधनी** : इसारा रोकाय

अनुसुची–१५
(दफा ३३ को उपदफा (२) सँग सम्बधिन्त)

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८३/०१/३१**

श्री सम्झना सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-१०, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको कार्य योजना बमोजिम साल ग्रेड (ए) ४ थान ५३.८९ क्यू.फि., ग्रेड (बि) २२ थान २१७.९० क्यू.फि., ग्रेड (सि) ३७ थान १८०.१७ क्यू.फि. गरी जम्मा ६३ थान ४५१.९६ क्यू.फि., जामुन ग्रेड (ए) १ थान १४.२६ क्यू.फि., ग्रेड (बि) ३ थान २८.९० क्यू.फि., ग्रेड (सि) ७ थान ३२.०२ क्यू.फि. गरी जम्मा ११ थान ७५.१८ क्यू.फि., खोटेसल्लो ग्रेड (ए) ६ थान ८५.५७ क्यू.फि., ग्रेड (बि) ३४ थान २६९.७२क्यू.फि. गरी जम्मा ४० थान ३५५.२९ क्यू.फि. गरी कुल जम्मा ११४ थान ८८२.४३ क्यू.फि. काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनमा खरिद गरी २२ (बाइस) औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री सम्झना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-१०, सुर्खेत श्री लेखगाउँ सव-डिभिजन वन कार्यालय हुर्के, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री सम्झना सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.–१०, सुर्खेत ।**

अनुसुची–१५
(दफा ३३ को उपदफा (२) सँग सम्बधिन्त)

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८३/०१/३१**

श्री नवदुर्गा सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-८, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको कार्य योजना बमोजिम साल ग्रेड (ए) ८ थान १३४.१८ क्यू.फि., ग्रेड (बि) १८ थान ४२६.७८ क्यू.फि., ग्रेड (सि) ५ थान ४०.७४ क्यू.फि. गरी जम्मा ३१ थान ६०१.७० क्यू.फि., असना ग्रेड (ए) २७ थान ४९१.३९ क्यू.फि., ग्रेड (बि) २३ थान २८९.५८ क्यू.फि., ग्रेड (सि) ९ थान १०५.४१ क्यू.फि. गरी जम्मा ५९ थान ८८६.३८ क्यू.फि., जामुन ग्रेड (ए) १ थान १२.४४ क्यू.फि., ग्रेड (बि) ३ थान २६.९२ क्यू.फि., ग्रेड (सी) ५ थान २८.१७ क्यू.फि., गरी जम्मा ९ थान २८.४४ क्यू.फि., बोटधयरो ४ थान २८.४४ क्यू.फि. गरी कुल जम्मा १०३ थान १५८४.०५ क्यू.फि. काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनमा खरिद गरी २२ (बाइस) औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री सम्झना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-८, सुर्खेत श्री लेखगाउँ सव-डिभिजन वन कार्यालय हुर्के, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री नवदुर्गा सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.–८, सुर्खेत ।**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# डोजर चलाएर बस्ती नहटाउन
# बर्दियाका भूमिहीन सुकुम्बासीको चेतावनी

**सरला सुवेदी**
**बर्दिया, ३० वैशाख ।**

बर्दियाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूले आफूहरू बसोबास गर्दै आएको बस्तीमा डोजर चलाएर घर टहरा नभत्काउन सरकारसँग आग्रह गरेका छन् । जबरजस्ती रूपमा बस्ती हटाउने प्रयास भए सशक्त प्रतिकारमा उत्रिने चेतावनी उनीहरूले दिएका छन् ।



बर्दियाको गुलरियामा संयुक्त भूमि अधिकार संघर्ष समितिले पत्रकार सम्मेलन गर्दै भूमिहीन सुकुम्बासीहरूको वास्तविक अवस्था बुझेर उचित छानबिनपछि मात्रै निर्णय लिन सरकारसँग माग गरेको हो ।

संघर्ष समितिका सल्लाहकार बलबहादुर परियारले पुस्तौँदेखि बसोबास गर्दै आएका नागरिकलाई एक्कासी अतिक्रमणकारी घोषणा गरेर विस्थापित गर्न खोजिनु अन्यायपूर्ण भएको बताए । उनले राज्यले नागरिकको बासस्थानको अधिकार सुनिश्चित गर्नुपर्नेमा उल्टै त्रास सिर्जना गरिएको आरोप लगाए ।


संघर्ष समितिका सदस्य भक्तबहादुर परियारले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको समस्या समाधानका लागि व्यवहारिक नीति आवश्यक रहेको बताए । उनले वास्तविक सुकुम्बासीको पहिचान गरी सुरक्षित बसोबासको ग्यारेन्टी गर्नुपर्ने माग गरे । त्यसैबीच, डिभिजन वन कार्यालय बर्दियाले केही बस्तीको नाम नै तोकेर वैशाख १४ गते १५ दिने सूचना जारी गर्दै बस्ती खाली गर्न निर्देशन दिएको थियो । वर्षायाम सुरु हुन लागेको अवस्थामा घरबारविहीन बनाउने कार्य अमानवीय हुने भन्दै संघर्ष समितिले तत्काल उक्त निर्णय रोक्न आग्रह गरेको छ ।

संघर्ष समितिका सदस्य पूर्णबहादुर महतराले वर्षाको मुखमा गरीब तथा भूमिहीन परिवारलाई विस्थापित गर्न खोजिनु दुःखद भएको बताए । उनले वैकल्पिक व्यवस्थाविना बस्ती हटाउन खोजिए त्यसको कडा विरोध हुने चेतावनी दिए ।

भूमिहीन समुदायले आफूहरू दशकौँदेखि बसोबास गर्दै आएको ठाउँमा शिक्षा, स्वास्थ्य, खानेपानी र विद्युतजस्ता आधारभूत सेवा उपयोग गर्दै आएको उल्लेख गर्दै राज्यले नागरिकको जीवन र सम्मानको रक्षा गर्नुपर्ने बताएका छन् । उनीहरूले वन संरक्षण र नागरिकको बसोबास अधिकारबीच सन्तुलित समाधान खोज्न सरकारसँग आग्रह गरेका छन् ।

भूमि आयोगको तथ्याङ्कअनुसार बर्दिया जिल्लामा २०८१ साल फागुनसम्म भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी गरी कुल ४५ हजार ३९५ परिवार रहेका छन् । तीमध्ये धेरै परिवार अझै लालपुर्जा र स्थायी बसोबासको अधिकारबाट वञ्चित रहेका छन् । संघर्ष समितिले वास्तविक भूमिहीन र सुकुम्बासीको पहिचान गरी दीर्घकालीन व्यवस्थापन, सुरक्षित आवास र कानुनी स्वामित्वको सुनिश्चितता गर्न सरकारसँग माग गरेको छ ।

## घुयँत्रो



राष्ट्रपतिले सरकारको निति तथा कार्यक्रम ल्याईरहँदा देखि विवादमा आएका प्रधानमन्त्रीले अन्तत संसदमा उठेका प्रश्नको जवाफ दिने परम्परा पनि तोडने निर्णमा पुगेका छन । खासमा बालेन यो ५ बर्षका लागि हिँडन लागेको बाटो कहाँ कसरी तय गर्ने हुन वा गर्दैछन उनका पाटि सभापतिलेनि जानकारी पाएका छैनन जस्तो लाग्छ । खासमा त्तँफुबाहेक कसैलाई नि मान्छेको रुपमा हेर्न र मान्न नचाहने बालेन शाह आँफैमा अदभूत जिनिस हुन भन्ने कुरा अब बिस्तारै जनताले बुझ्दैछन । बालेनको यो पारादेख्दा उनलाई जनताले के देखेर भोट दिए आँफैमा अनौठो लाग्छ । कसैसित नझुक्ने र नदब्ने वलिको जस्तै बानिब्यहोराले गर्दा अब बालेन पनि वलि जस्तै बदनाम हुन बेर छैन । वलि बालेन दुबैको नेचर फरक छ । यौटा अनाबस्यकरुपमा बोलेका बोल्यै हुन्छन् भने अर्का बोल्नै पर्ने आबस्यक अबस्थामा पनि बोल्दै बोल्दैनन । अर्थात यौटाले बढि बोलेर बिगारे भने अर्का बोल्दै नबोलेर मान्छे चिढ्याई रहेका छन । लोकतन्त्र,गणतन्त्र , संसदीय ब्यवस्था र आम निर्वाचन स्विकारेर सत्तामा जाने जस्तोसुकै तानाशाह प्रधानमन्त्री भएनि उसले संसदमा उभिएर सरकार वा पाटिका तर्फबाट राख्नु पर्ने कुरा राख्छ र आँफुताना शाहनै भएनि सदनमा आफ्ना विचार राखेर आफ्नो तानाशाहि र निरंकुसता खुम्चिएको महसुस गर्दैन । तर नेपालका प्रधानमन्त्री बालेन शाह सदनमा सांसदहरुले उठाएका कुराहरुको जवाफ सदनमै गएर दिन चाहँदैनन । बरु जब झमक्क साँझ पर्छ वा मध्य रातमा निन्द्राले छोडछ तब सामाजिक सञ्जालमा आफ्ना आक्रोसहरु पोख्छन । जनताले दुई तिहाई मत दिएर सदनमा पठाएका र त्यसकै आडमा प्रधानमन्त्री बन्न पुगेका बालेनले संसदबाट आफ्ना कुरा नराख्नुलाई जनताको मानमर्दन भएको ठान्दैनन् नत त्यस्तो महसुस नै गर्दछन । संसदलाई नमान्ने भए संसद बैठक किन बोलाएका हुन कुन्नि अब त जनतापनि बालेनका चर्तिकलादेखि दिक्क छन । हरेक दिजसो यौटा न यौटा विवादमा तानिने बालेनको चरित्रले गर्दा जनताआजित हुँदै गै रहेका छन । के के नै नयाँ कुरा र नयाँ परिवर्तन ल्याएर देशलाई पाँचैबर्षमा चन्द्रमा छुने बनाउँछ भनेर बालेनको पक्षमा वकालत गर्नेहरु पनि ऐले त बालेनका उट्पट्याङ देखेर निरासछन भने सरकारले हालै सदनमा पेश गरेको कार्यक्रम नयाँ नभएर कर्मकाण्डी भएको र २०८१ को नीति तथा कार्यक्रमको कपिपेष्ट भएको उल्ले गर्दै रास्वपाका सांसदहरुलाई ८१ को नीति तथा कार्यक्रम र यसपटकको नीति तथा कार्यक्रम संगै राखेर पढन राप्रपाका ज्ञानेन्द्र शाहिले सुझाब दिएछि यो सरकारको हैसियत झन छताछुल्ल भएकोछ । उता महावीर पुनलेनि पुरानै दलले ल्याएको कार्यक्रम भन्दा अँझ गैगत्तको नीति तथा कार्यक्रम आएको उल्लेख गर्दै विज्ञान र्प्रविधिको युगमा पनि ती बिषयलाई कहिँ कतै नछोएर सरकारले आफ्नो नीति प्रस्तुत गर्नुले पुराना दलका मनन्छेको भन्दानि यो रास्वपाका सांसद र कार्यक्रम बनाउने सल्लाकारहरुको दिमागमा गिदिनै नभएको प्रष्ट भएको कुरा पुनले सामनजिक सन्जालमा मात्रै लेखेनन कि सदनमा उभिएर पनि बोले । बालेन सरकार जतिजति बयष्क हुँदै जाँदै छ उसका गतिविधिमा झन झन केटाकेटि पन र गैर जिम्मेवार देखिनुले हात्तीका खाने दाँत र देखाउने दाँत फरक भएझैं कतै बालेनको नि बाहिरी चरित्र र भित्रि चरित्र फरकफरक त छैनन । संसदमा जवाफ त स्वर्णिमले देलान तर बालेनको चरित्रको बारेमा जवाफ कल्ले देला ? जान्न मन लाथ्यो ।

# तालतलैयाको बक्यौता नतिर्नेको सेवा सुविधा रोकियो

**युग संवाददाता**
**कैलाली, ३० वैशाख ।**

भजनी नगरपालिकाले तालतलैयाको बक्यौता नतिर्ने ठेकेदारको सेवासुविधा रोकेको छ । नगरपालिकाको आन्तरिक आयस्रोतका रूपमा रहेको तालतलैया छन् । नगरपालिकाको यही वैशाख १५ गते बसेको कार्यपालिका बैठकले बक्यौता नतिर्ने व्यक्ति तथा फार्मको नगरपालिकाबाट हुने सबै खालको सेवा प्रवाह रोकिएको प्रमुख प्रशासकीय अधिकृत भोजराज भट्टले बताए ।

उनका अनुसार व्यक्तिका हकमा स्वास्थ्य सेवालाई भने रोकिएको छैन । ठेक्का लिने व्यक्तिले बक्यौता नतिर्दा उसको तीनपुस्ते विवरणअनुसारको सेवासुविधा रोकिएको छ । वि.सं. २०७२ देखि नगरपालिकाले तालतलैया माछापालनका लागि ठेक्का दिँदै आएको थियो । ठेक्का लिने व्यक्ति तथा फार्मले समयमा सम्झौताअनुसारको रकम नतिर्दा नगरपालिकाको राजस्व खुम्चिएको छ । नगरपालिकाको आन्तरिक आयको प्रमुख स्रोत तालतकैया हुन् । यस नगरपालिकामा दर्जनौं तालतलैया छन् ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५।०५।२६ मा प्रा.लि.नं. ५६१०२ मा दर्ता भएको रुपा भ्यू ट्राभल्स एण्ड टुर्स प्रा.लि. को मिति २०८३।०१।१७ मा सम्पन्न विषेश साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटरः सन्दिप कुमार शाही (इजाजत पत्र नं. ६५२)
सम्पर्क : ९८४४८१७६३३

# चक्रीय कोषमा बीउपुँजीको व्यवस्थापन गरिँदै

**युग संवाददाता**
**काठमाडौं, ३० वैशाख ।**

भूमि सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारीपीडितको बचत रकम फिर्ता गर्न चक्रीय कोषमा बीउपुँजीका रूपमा २५ करोड रुपैयाँ व्यवस्थापन गर्न लागिएको छ । यसका लागि मन्त्रालयले रकम उपलब्ध गराउन अर्थ मन्त्रालयसँग आग्रह गरेको छ ।

मन्त्रालयले पीडित नागरिकलाई रकम फिर्ता तथा चक्रीय कोष सञ्चालनका लागि आवश्यक कार्यविधि निर्माण गरेका छ । मन्त्रालयले कोषमा रकम प्राप्त भएपछि पीडितको कागजातका आधारमा रकम फिर्ता गर्ने तयारी गरेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिए ।

सहकारीमा ससाना रकम बचतकर्ताको निक्षेप फिर्ता गर्दै सम्बन्धित सहकारी लिलाम गरी आएको रकम पुनः सोही कोषमा जम्मा गरेर आर्थिक स्रोत व्यवस्थापन गरिने जनाइएको छ । पहिलो चरणमा समस्याग्रस्त घोषणा गरिएका सहकारीका बचतकर्तालाई छिट्टै रकम फिर्ता गरिनेछ । पीडितपरिवारलाई राज्यको प्रत्याभूति दिलाउन यस्तो गृहकार्य गरिरहेको उनले जानकारी दिए ।

**आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।**

- नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरुको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभुषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं ।

**पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।